आज मिति २०८१ साल श्रावण १० गते बिहान ११:०० बजे यस ठाँटीकाँध गाउँपालिकाको ४० औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरीयो।

उपस्थिति

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र कामी | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | प्रेमा |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | | आमन्त्रित कर्मचारीहरु | | |
| १ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लोकेन्द्र बहादुर भण्डारी | आ. प्र. शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |

०८१।४।१०

मिति २०८१/०४/१० गतेको ४० औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं. १

चालु आ व २०८१।०८२ को बार्षिक कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२

चालु आ व २०८१।०८२ को जिल्ला दररेटका अतिरिक्त स्थानीय ज्याला दररेट स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं.३

इलाका हुलाक कार्यालय स्थापनाका लागि कोठा उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं ४

विघूत पोल संरक्षणका लागि ग्यावीन जाली सहितको पर्खाल लगाउने र भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५

वर्थिङ सेन्टर भवन निर्माणका लागि जग्गा प्राप्ति सम्बन्धमा।

प्रस्ताव नं ६

विभिन्न कार्यविधि तथा नियमावली स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ७

एम्बुलेन्स शुल्क निर्धारण तथा असुली र आम्दानी तथा खर्च व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं ८

ठाटीकाँध अस्पतालको स्टाफ क्वाटर मर्मत सम्बन्धमा ।

प्रस्ताव नं ९

प्राथमिक स्वास्थ्य केन्द्र लकान्द्रमा आबश्यक स्वीपर पद सृजना तथा नियुक्ति सम्बन्धमा ।

प्रस्ताव नं १०

चालु आ व २०८१।०८२ का योजना कार्यान्वयन गर्दा बजेट सीमा र कार्य प्रकृतिका आधारमा विधि छनोट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ११

गाउँपालिकाले खरिद गरी सञ्चालनमा रहेका सबै सवारी साधनहरुमा अनिवार्य सरकारी नं प्लेट राख्ने सम्बन्धमा ।

प्रस्ताव नं १२

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त शशर्त अनुदानबाट सञ्चालन हुने गरी योजना छनोट गर्ने सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा चालू आ व २०८१।०८२ को वार्षिक कार्यतालिका देहाय अनुसार तर्जुमा गरी स्वीकृत गर्ने र सोही अनुसार कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

CamScanner

ठाटीकाँध गाउँपालिका

# गाउँ कार्यपालिकको कार्यालय

लकान्द्र, दैलेख

## आ.व. २०८१/०८२ को बार्षिक कार्ययोजना

| क.सं. | सम्पादन गर्नुपर्ने क्रियाकलाप | समयावधि | | | मुख्य जिम्मेवार व्यक्ति/शाखा/समितिहरु | कार्य सम्पादन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| १ | चालु बर्षमा गाउँ कार्यपालिकाबाट गाउँ कार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गर्ने | २०८१ साल श्रावण ७ गतेभित्र | – | – | गाउँपालिका अध्यक्ष | अख्तियारी पत्र | |
| २ | चालु बर्षमा गाउँ कार्यपालिकाको कार्यालयबाट वडा र विषयगत शाखालाई अख्तियारी प्रदान गर्ने | २०८१ साल श्रावण २२ गतेभित्र | – | – | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | अख्तियारी पत्र | |
| ३ | खरिद योजना अनुमोदन र योजना छनोट | | | | | | |
| ४ | (क) वस्तु, सेवा तथा निर्माण कार्यको खरिद योजना अनुमोदन | २०८१ भाद्र १५ गतेसम्म | | | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार गरेको | |
| | (ख) उपभोक्ता, आपूर्तिकर्ता तथा निर्माण व्यावसायीहरूबाट काम गराउने योजना तथा कार्यक्रमको छनौट गर्ने | २०८१ साल भाद्र १५ गतेदेखि ऐ मसान्तभित्र | | | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | निर्णयहरू | |
| ५ | योजना खाता छपाई गर्ने | २०८१ साल भाद्र १५ गतेभित्र | – | – | योजना शाखा प्रमुख | योजना खाताको नमुना | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | गत बर्षको बार्षिक प्रगति समिक्षा | २०८१ साल भाद्र १५ गतेभित्र | — | — | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार/बैठक पुस्तिका/फोटोहरु | |
| ७ | बार्षिक योजना किताब प्रकाशन गर्ने | २०८१ साल असोज मसान्तभित्र | — | — | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | बार्षिक योजना किताबको नमुना | |
| ८ | योजनाहरुको लागत अनुमान तयार गर्ने | २०८१ साल भाद्र १ देखि शुरु | निरन्तर | २०८१ साल चैत्र १५ गते सम्म | ईन्जिनीयर/पूर्वाधार विकास शाखा | स्वीकृत योजनाहरुको लागत अनुमान तयार भएको हुने | |
| ९ | दरभाउपत्र /बोलपत्र प्रकाशन गर्ने | २०८०१ साल भाद्र १५ देखि शुरु | २०८१ साल मार्ग मसान्तसम्म | | पूर्वाधार र योजना शाखा/प्रमुख प्रशासकीय अधिकृत | निर्णय/सूचना प्रकाशन | आवश्यकता र कार्यक्रम तथा बजेटको प्रकृति अनुसार अन्य समयमा पनि हुन सक्ने । |
| १० | उपभोक्ता समिति गठन गर्ने | २०८१ साल भाद्र १५ देखि शुरु | निरन्तर | २०८१ साल चैत्र १५ गते सम्म | वडा सचिव सहित वडा समिति | योजना खातामा उपभोक्ता समिति निर्माण भएको देखिनु पर्ने | |
| ११ | योजना सम्झौता गर्ने | २०८१ साल भाद्र १५ देखि शुरु | निरन्तर | २०८१ साल चैत्र मसान्तसम्म मात्र | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | योजना खातामा उपभोक्ता समिति सँग योजना सम्झौता भएको अभिलेख | |
| १२ | उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम सञ्चालन गर्ने | २०८१ साल असोज १५ देखि ३० गतेसम्म | २०८१ साल मार्ग १५ देखि ३० गतेसम्म | २०८१ साल चैत्र १५ गते सम्म | शाखा प्रमुख | अभिमुखीकरणका विषयवस्तु/सहभागीरुको हाजिरी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | प्रगति प्रतिवेदन तयार गर्ने | २०८१ मसीर महिनाको पहिलो हप्ता | २०८१ चैत्र महिनाको पहिलो हप्ता | २०८२ सालको श्रावण महिनाको पहिलो हप्ता | शाखा प्रमुखहरू/प्रमुख प्रशासकीय अधिकृत | प्रगति प्रतिवेदन / दुनपाको वेवसाईट | |
| १४ | प्रगति समिक्षा गर्ने | २०८१ मंसीर महिनाको पहिलो हप्ता | २०८१ चैत्र महिनाको पहिलो हप्ता | २०८२/०८३ को पहिलो चौमासिक | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार/बैठक पुस्तिका/फोटोहरु | |
| १५ | सार्बजनिक सुनुवाई गर्ने | २०८१ कार्तिक अन्तिम हप्ता | २०८१ फागुन अन्तिम हप्ता | २०८२ असार अन्तिम हप्ता | गाउँपालिका अध्यक्ष /गाउँपालिका उपाध्यक्ष /प्रमुख प्रशासकीय अधिकृत/वडा अध्यक्ष ज्यूहरु र विषयगत शाखा प्रमुखहरु | पत्राचार/उपस्थिति तथा जाहेर प्रतिबद्धता /फोटोहरु | |
| १६ | योजना अनुगमन तथा सुपरीवेक्षण गर्ने र प्रतिवेदन तयार गर्ने । | २०८१ कार्तिक दोस्रो हप्ता | २०८१ फागुन दोस्रो हप्ता | २०८२ जेठ मसान्त भित्र | गाउँपालिका उपाध्यक्ष /प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख र योजना अनुगमन तथासुपरीवेक्षण समितिका सदस्यहरु | अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य योजना/अनुगमन प्रतिवेदन/ फोटोहरु | अबश्यकता अनुसार अन्य समयमा पनि हुन सक्ने । |
| १७ | स्थानीय राजश्व सम्बन्धी परामर्श सहितको सुझाव गाउँकार्यपालिकामा पेश गर्ने | – | मिति २०८१ पुष १५ भित्र | – | गाउँपालिका उपाध्यक्ष / स्थानीय राजश्व परामर्श समिति | समितिको बैठक पुस्तिका | |
| १८ | आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको बिवरण अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने | – | मिति २०८१ पुष मसान्त भित्र | – | राजश्व शाखा / गाउँपालिका उपाध्यक्ष / स्थानीय राजश्व परामर्श समिति | पत्राचार गरेको प्रमाण | |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | सोह्रौं गाउँ सभा सञ्चालनका लागि पत्राचार गर्ने | — | मिति २०८१ पुष ३ गते भित्र | — | गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार गरेको प्रमाण | |
| २० | सोह्रौं गाउँ सभा सञ्चालन गर्ने | — | मिति २०८१ पुष १० गतेभित्र | — | गाउँपालिका अध्यक्ष सहित गाउँ कार्यपालिका | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |
| २१ | संघ र प्रदेशबाट वजेट सीमा प्रास गर्ने | | — | मिति २०८१ चैत्र महिना भित्र | गाउँपालिका अध्यक्ष सहित गाउँ कार्यपालिका | पत्राचार गरेको प्रमाण | |
| २२ | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्ने | — | — | मिति २०८२ बैशाख १० गतेभित्र | गाउँपालिका अध्यक्ष / श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | समितिको बैठक पुस्तिका | |
| २३ | गाउँ कार्यपालिकाको कार्यालयबाट विषयगत शाखा र वडा समितिलाई बजेट सिलिग तथा मार्गदर्शन पठाउने | — | — | २०८२ बैशाख १५ भित्र | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार गरेको प्रमाण | |
| २४ | टोल/वस्ती भेलाबाट योजना छनौट | — | — | २०८२ साल बैशाख मसान्तभित्र | वडा अध्यक्ष / वडा समिति | सूचना /उपस्थिति/निर्णय पुस्तिका | |
| २५ | वडा भेलाबाट योजना तथा कार्यक्रम प्राथमिकीकरण गरी गाउँ कार्यपालिकामा पठाउने | — | — | २०८२ साल जेठ १५ भित्र | वडा अध्यक्ष / वडा समिति | सूचना /उपस्थिति/निर्णय पुस्तिका | |
| २६ | विषयगत समितिहरुको बैठक सञ्चालन गर्ने | — | — | २०८२ साल जेष्ठ १ देखि १५ गतेभित्र | विषयगत समितिका सयोजक ज्यूहरु | उपस्थिति/बैठक पुस्तिका | |
| २७ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक सञ्चालन गर्ने | — | — | २०८२ साल आषाढ ०५ गतेभित्र | गाउपालिका उपाध्यक्ष/बजेट तथा कार्यक्रम तर्जुमा समिति | उपस्थिति/बैठक पुस्तिका | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | सत्रौं गाउँ सभाका लागि पत्राचार गर्ने | – | – | २०८१/२/२८ भित्र | गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार गरेको प्रमाण | |
| २९ | गाउँ कार्यपालिकाको बैठकबाट गाउँपालिकाको आ ब २०८२/०८३ को नीति कार्यक्रम तथा बजेट स्वीकृत गर्ने | – | – | २०८२ साल असार देखि ६ गतेभित्र | गाउँ कार्यपालिका | उपस्थिति/बैठक पुस्तिका | |
| ३० | गाउँ सभामा २०८२/०८३ को नीति कार्यक्रम तथा बजेट पेश गर्ने | – | – | २०८२ साल असार १० | गाउँपालिका अध्यक्ष र उपाध्यक्ष | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |
| ३१ | प्रस्तुत नीति कार्यक्रम तथा बजेटमाथि सभामा छलफल गर्ने तथा थपघट गर्न आवश्यक भए सुझाव सहित कार्यपालिकामा पठाउने | – | | २०८२ साल असार ११ देखि १५ गतेसम्म | गाउँपालिका उपाध्यक्ष | उपस्थिति/बैठक पुस्तिका | |
| ३२ | गाउँ सभाबाट प्राप्त सझाव उपर गाउँ कार्यपालिकामा छलफल तथा अबश्यक निर्णय गरी वा नगरी २०८२/०८३ को नीति कार्यक्रम तथा बजेट गाउँ सभामा पठाउने | – | | २०८२ साल असार १६ देखि २४ गतेसम्म | गाउँपालिका उपाध्यक्ष | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |
| ३३ | गाउँपालिकाद्वारा गाउँ सभामा प्रस्तुत २०८२/०८३ को नीति कार्यक्रम तथा बजेट स्वीकृतिका लागि निर्णयार्थ सभामा प्रस्तुत गर्ने/ गाउँ सभाबाट स्वीकृति प्राप्त गर्ने | – | – | २०८२ साल असार २० देखि २४ गतेसम्म | गाउँपालिका अध्यक्ष र उपाध्यक्ष | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ व २०८१।०८२ को दैलेख जिल्लाले कायम गरेको दररेटका अतिरिक्त स्थानीय निर्माण सामग्रीहरुको दररेट समेत जिल्ला दररेट भन्दा बढी नहुने गरी विवरण तयार गरी स्वीकृतिका लागि आगामी कार्यपालिका बैठकमा पेश गर्न पूर्वाधार विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा इलाका हुलाक कार्यालय लकान्द्रको कार्यालय स्थापनाका लागि हाललाई गाउँपालिकाले भाडामा लिईरहेको ठाटीकाँध बजार स्थित दिल बहादुर शाहीको घरको १ वटा कोठा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ठाटीकाँध बजार स्थित शेर बहादुर शाहीको घरको उत्तरपट्टि करीव ५० मीटर टाढाको दूरीमा रहेको विघूत पोल भूक्षयका कारण जोखिममा रहेको र ढल्न गई विघूत सप्लाईमा अवरोध आउन सक्ने सम्भावनालाई समेत मध्येनजर गरी सो को संरक्षणका लागि ग्यावीन जाली सहितको पर्खाल लगाउने काम भईरहेकाले सो कार्यको लागत अनुमानका आधारमा कार्य सम्पन्न गरी विविध आकस्मिक योजना शीर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ व २०८१।०८२ मा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत योजना अनुसार यस गाउँपालिकाको देहायका वडामा वर्थिङ सेन्टर भवन निर्माणका लागि बजेट विनियोजन भई आएकोमा सो कार्य गर्नु पूर्व स्वास्थ्य संस्थाको नाममा जग्गा प्राप्ति गर्नुपर्ने भएकाले तत्काल् सम्बन्धित वडा कार्यालयहरुले नि:शूल्क जग्गा प्राप्तिको प्रकृया प्रारम्भ गर्ने निर्णय गरियो ।

तपसिल

| क सं | योजनाको नाम | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | ज्यामिचौर बर्थिङ सेन्टर ठाटीकाँध गाउँपालिका ४ दैलेख | १५०००००।०० | |

निर्णय नं.

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउन देहाय अनुसारका विभिन्न कार्यविधि तथा नियमावली स्वीकृत गर्ने निर्णय गरियो ।

CS CamScanner

तपसिल

क. ठाटीकाँध गाउँपालिकाको सार्वजनिक शौचालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक ऐन २०८१ अनुसार एम्बुलेन्स शुल्क निर्धारण भईसकेकाले गाउँपालिकाले नि:शूल्क सेवा दिने भनि तोकेका बाहेक सबै सेवाग्राहीबाट अनिवार्य सेवा शूल्क असुली गर्ने र सो को आम्दानी गाउँपालिकाको आन्तरिक राजश्व खातामा बाँधी प्रचलित कानून वमोजिम मात्र खर्च गर्ने गरी आवश्यक प्रबन्ध मिलाउन गाउँपालिकाको आन्तरिक राजश्व शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा ठाटीकाँध अस्पतालको स्टाफ क्वाटर भवन चुहिने भएकोले सो को मर्मतका लागि न्यूनतम् प्राविधिक लागत अनुमान तयार गरी कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र लकान्द्रमा आवश्यक सरसफाईका लागि जनशक्ति अपुग भएकाले १ जनाको स्वीपर पद सृजना गरी उक्त पदमा हाललाई दैनिक ज्यालादारीमा नियुक्ति गरी कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ ब २०८१।०८२ का स्वीकृत योजना कार्यान्वयन गर्दा बजेट सीमा र कार्य प्रकृतिका आधारमा देहाय अनुसार विधि छनोट गर्ने निर्णय गरियो ।

तपसिल

क. शिलवन्दी दरभाउपत्र वा वोलपत्र मार्फत कार्यान्वयन गर्ने

१. डोजर,स्क्याभेटर जस्ता भारी मेशिनरी औजार प्रयोग गरी निर्माण वा मर्मत गर्नुपर्ने सडक, फिल्ड लगायतका सबै भौतिक संरचनाहरु,

२. विद्यालय बाहेक रु २५ लाखभन्दा माथिका अन्य सबै संरचनाहरु ।

ख. उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।

१. डोजर, स्क्याभेटर जस्ता भारी मेशिनरी औजार प्रयोग नगरी स्थानीय श्रम, सीप र साधनका माध्यमबाट निर्माण वा मर्मत गर्न सकिने योजनाहरु

CamScanner

२. प्रधानन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम वा यस्तै सशर्त प्रकृतिका अन्य कार्यक्रममा भारी मेशिनरी औजारको प्रयोग पूर्णतया निषेध गर्ने र मेशिनरी औजार प्रयोग गरेको पाईएमा सम्झौता अनुसार स्वीकृत बजेट भुक्तानी नगर्ने ।

ग.स्वीकृत बजेट र खरिद सम्झौता विना कुनै पनि योजना कार्यान्वयन नगर्ने

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा गाउँपालिकाले खरिद गरी सञ्चालनमा रहेका सबै सवारी साधनहरुमा हालसम्म सरकारी नं प्लेट नराखी व्यक्तिगत रुपमा प्रयोग गरिरहेको पाईएकाले सवारी साधन संरक्षण गर्न र सरकारी सम्पत्तिको दूरूपयोग वा हानी नोक्सानी हुन नदिन सचेत रहदै अनिवार्य सरकारी नं प्लेट राख्ने व्यवस्था तत्काल कार्यान्वयन गर्न सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं १२ माथि छलफल गर्दा चालु आ ब २०८१।०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजनाका लागि नेपाल सरकारको शशर्त अनुदान रु २९८००००।०० र आ डी ए को अनुदान रु २६७२०००।०० गरी जम्मा रु ५६५२०००।०० प्राप्त भएकोमा सो बाट सञ्चालन हुने गरी वडा समितिबाट सिफारिस भई आएका देहाय अनुसारका योजना छनोट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र सं | योजनाको नाम | योजनास्थल | नेपाल सरकार/आ डी ए को अनुदान रु | वडा/गापाको साझेदारी रु | कूल लागत रु |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक सौचालय निर्माण ठाटीकाँध वजार | ठाटीकाँध गापा वडा १ | ७४५००० | ३००००० | १०४५००० |
| २ | मिलनचोक देखि वडा कार्यालय सम्म सडक मर्मत तथा स्तरोन्नति (IDA) | ठाटीकाँध गा पा वडा नं १ | ८९२००० | ०० | ८९२००० |
| ३ | जनता आवि पिपल चौतारा फिल्ड स्तरोन्नती (IDA) | ठाटीकाँध गा पा वडा नं २ | ८९०००० | २००००० | १०९०००० |
| ४ | विशाला स्वास्थ्य चौकी घेरवार पर्खाल निर्माण | ठाटीकाँध गा पा वडा नं ३ | ७४५००० | ३००००० | १०४५००० |
| ५ | नौलावन हलाने खोला डाडाखाल गोरेटो बाटो मर्मत तथा स्तरोन्नति निर्माण योजना । | ठाटीकाँध गा पा वडा नं ४ | ८९०००० | ०० | ८९०००० |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | IDA) | | | | |
| ६ | पानीमुला पोखरी निर्माण | ठाटीकाँध गा पा वडा नं ५ | ७४५००० | ४३५००० | ११८०००० |
| ७ | बाम्निमाटा देखि रानाकाटीया हुँदै मालिका मा वि गोरेटो बाटो निर्माण योजना | ठाटीकाँध गा पा वडा नं ६ | ७४५००० | ०० | ७४५००० |
| जम्मा रकम रु | | | ५६५२००० | १२३५००० | ६८८७००० |